- **भलिबल खेलाडी सम्मान कार्यक्रम सम्पन्न**

(२०८२ कात्तिक ०२ गते):

आज मिति २०८२ साल कात्तिक ०२ गते आइतबार यस केन्द्रमा मामांखे समाज झापा, बुद्धशान्तिद्वारा आयोजित खुल्ला पुरुष नकआउट भलिबल प्रतियोगितामा सहभागी भई दोस्रो स्थान हासिल गर्न सफल भलिबल खेलाडीहरूलाई सम्मान गर्ने विशेष कार्यक्रम सम्पन्न भयो।

केन्द्रका समादेशक, प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यतामा आयोजित उक्त कार्यक्रममा उहाँले खेलाडीहरूलाई सफलताका लागि बधाई तथा हौसला प्रदान गर्नुकासाथै आगामी दिनहरूमा अझ उत्कृष्ट नतिजा ल्याउनका लागि निरन्तर कडा मेहनत र लगनशीलताका साथ अभ्यास गर्न खेलाडीहरूलाई निर्देशन समेत दिनुभयो।

खेलाडी सम्मान तथा बधाई कार्यक्रममा केन्द्रका सह-समादेशक प्रहरी नायव उपरीक्षक (प्र.ना.उ.) गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षकज्यूहरू, जुनियर प्रहरी अधिकृत तथा अन्य प्रहरी कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो।



- **भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०२ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न**

(२०८२ कात्तिक १२ गते):

मिति २०८२ कार्तिक १२ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको १९ कार्यदिन अवधिको भिड नियन्त्रण (प्र.ज. देखि प्र.नि.) तालिम १०२ औं समूहको तालिम संयोजक प्रहरी निरीक्षक दिपक खरेलज्यूको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **अप्रेशनल कामाण्ड व्यवस्थापन (OCM Level-1) तालिम ३१ औं समूहको उद्घाटन कार्यक्रम सम्पन्न:**

(२०८२ कात्तिक १६ गते):

मिति २०८२ कार्तिक १६ गते बाट यस केन्द्रमा संचालन हुन गईरहेको २४ कार्यदिन अवधिको अप्रेशनल कामाण्ड व्यवस्थापन (OCM Level-1) तालिम ३१ औं समूहको तालिम संयोजक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू को प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम सु-सम्पन्न भयो।



- **प्रशिक्षार्थीसँग गर्नुपर्ने व्यवहार सम्बन्धी अनुशिक्षण तालिम सम्पन्न:**

(२०८२ कात्तिक १६ गते): मिति २०८२ कार्तिक १६ गते यस कोशी प्रदेश प्रहरी तालिम केन्द्रमा संचालित १ कार्यदिन अवधिको प्रशिक्षकले प्रशिक्षार्थीसँग गर्नुपर्ने व्यवहार सम्बन्धी अनुशिक्षण (जु.प्र.अ. देखी प्र.ह. प्र.ज.) तालिम यस केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यूको प्रमुख आतिथ्यमा अन्तरक्रिया सहित समापन समेत सम्पन्न भयो। उक्त कार्यक्रममा प्रहरी निरीक्षक बेनु कार्कीज्यू लगायत प्रशिक्षार्थीहरु समेतको उपस्थिति रहेको थियो।



- **प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न:**

(२०८२ कात्तिक २७ गते):

विराटनगर।

मिति २०८२ कात्तिक १६ गते बाट सञ्चालन भईरहेको अप्रेशनल कमाण्ड व्यवस्थापन (OCM Level-1) तालिम ३१ औं समूहको पाठ्यक्रम कार्यतालिका बमोजिम आज मिति २०८२ कात्तिक २७ गते लेटाङ नगरपालिका वडा नं. ०१, पेट्रोल पम्प देखि लेटाङ नगरपालिका ३ कि.मि. उत्तर राजारानी मन्दिर सम्म प्रकृति विचरण (Nature Walk) कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा कोशी प्रदेश प्रहरी तालिम केन्द्रका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक गोविन्द अधिकारीज्यू, तालीम संयोजक प्रहरी नायव उपरीक्षक गुरु प्रसाद तिम्सिनाज्यू, प्रहरी निरीक्षक नरेन्द्र बहादुर सिंहज्यू, जुनियर प्रहरी अधिकृतहरू,प्रशिक्षक वर्ग र प्रशिक्षार्थीहरुको सहभागिता रहेको थियो।

